## राजदरबार सेवा ऐन, २०२९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः राजदरबार सेवा ऐन, २०२९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "राजदरबार सेवा (पहिलो संशोधन) ऐन २०४२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. राजदरबार सेवा ऐन, २०२९ को दफा २ मा संशोधनः राजदरबार सेवा ऐन २०२९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ मा रहेको "श्री ५" भन्ने शब्दपछि "बाट हुकुम बक्सेबमोजिम" भन्ने शब्दहरू थपिएका छन् ।

३. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः–

"४. निवृत्तभरण, उपदान, सञ्चय कोष र अन्य सुविधाको व्यवस्थाः राजप्रासाद सेवाका कर्मचारीहरूको निवृत्तभरण, उपदान, सञ्चय कोष र समय-समयमा उपलब्ध हुने अन्य सुविधासमेत श्री ५ को सरकारको निजामती कर्मचारीहरूको लागि व्यवस्था भएसरह श्री ५ को सरकारले नै व्यवस्था गर्नेछ ।"

४. मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "गरेबमोजिम" भन्ने शब्दहरूको सट्टा "गरिबक्सेबमोजिम" भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ मा रहेको "लोक सेवा आयोगको परामर्श लिइनेछ" भन्ने शब्दहरूको सट्टा "श्री ५ बाट लोक सेवा आयोगको परामर्श लिन सकिबक्सनेछ" भन्ने शब्दहरू राखिएका छन् ।

६. रूपान्तरः मूल ऐनमा दफा ८ बाहेक अन्यत्र जुन-जुन ठाउँमा 'राजदरबार' भन्ने शब्द प्रयोग भएको छ ती-ती ठाउँमा त्यसको सट्टा "राजप्रासाद" भन्ने शब्द राखिएको छ ।

लालमोहर सदर मितिः– २०४२।६।२३।४

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५८८